# चिकित्सा शिक्षा आयोगको उपाध्यक्षका लागि नाम सिफारिस गर्न गठित सिफारिस समितिको दरखास्त आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७६।३।९)

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५ बमोजिम चिकित्सा शिक्षा आयोग गठन हुने व्यवस्था रहेको र सोही दफाको उपदफा १(घ) बमोजिम चिकित्सा शिक्षा आयोगमा चिकित्सा क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका चिकित्सकहरू मध्येबाट नेपाल सरकारले नियुक्त गरेको एक जना उपाध्यक्ष रहने प्रावधान रहेको तथा सोही ऐनको दफा २२ को उपदफा (२) बमोजिम चिकित्सा शिक्षा आयोगको पूरा समय काम गर्ने प्रमुख कार्यकारीका रूपमा उपाध्यक्ष रहने प्रावधान रहेको छ । चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष नियुक्ति सिफारिसका लागि सोही ऐनको दफा २३ बमोजिम लोक सेवा आयोगका अध्यक्षको अध्यक्षतामा सिफारिस समिति रहने व्यवस्था रहेको छ । उक्त सिफारिस समितिद्वारा स्वीकृत "चिकित्सा शिक्षा आयोगको उपाध्यक्षका लागि सिफारिस गर्न गठित सिफारिस समितिको छनोट सम्बन्धी कार्यविधि, २०७६" को दफा ४ बमोजिम दरखास्त पेस गर्ने योग्य उमेदवारहरूको रोष्टर तयार गरी छनोट भएका योग्य तीन जना उमेदवारहरूको नाम चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष पदमा नियुक्तिका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने प्रयोजनका लागि देहायको योग्यता पूरा गरेका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र चिकित्सा शिक्षा अयोगको उपाध्यक्ष भएपछि आयोगको नेतृत्व गर्ने र नेतृत्वदायी भूमिका बहन गर्ने सम्बन्धी बढीमा ३००० शब्दको सोचपत्र (Vision Paper) र बढीमा ३००० शब्दको ४ वर्षे व्यावसायिक कार्ययोजना ( Professional Work Plan) समेत संलग्न गरी सिलबन्दी दरखास्त सिफारिस समितिको सचिवालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबारमा कार्यालय समयभित्र पेस गर्न आह्वान गरिएको छ ।

(१) चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष पदमा नियुक्तिका लागि राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २४ को उपदफा (१) बमोजिम योग्यता पुगेको र दफा २५ मा उल्लिखित अयोग्यता नभएको र देहायको योग्यता पुगेको हुनुपर्ने छ :
- (क) दरखास्त दिने अन्तिम दिनसम्म ६१ वर्ष उमेर ननाघेको ।
- (ख) चिकित्सा शिक्षा आयोगसँग कुनै किसिमको स्वार्थको टकराव (Conflict of Interest) नभएको ।

(२) दरखास्तका साथ देहायका विवरणहरू खुल्ने प्रमाणित कागजातहरू समावेश हुनुपर्नेछः
- (क) नेपालको नागरिकता प्रमाणपत्रको छायाँ प्रति,
- (ख) शैक्षिक योग्यता सम्बन्धी स्वयम् प्रमाणित कागजातहरू,
- (ग) चिकित्सा शिक्षासहित स्वास्थ्य सेवाका क्षेत्रमा काम गरेको अनुभव खुल्ने कागजातहरू,
- (घ) चिकित्सा शिक्षा विज्ञको रूपमा ख्याति प्राप्त गरेको भनी सिद्ध गर्ने कागजातहरू,
- (ङ) सम्बद्ध क्षेत्रमा उत्कृष्ट व्यवस्थापकीय सीप, कला प्रदर्शन गरेको खुल्ने कागजातहरू ।

यो सूचना लोक सेवा आयोगको वेवसाइट www.psc.gov.np तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको वेवसाइट www.moe.gov.np मा समेत हेर्न सकिने छ ।